शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः८ मितिः २०८१/१२/२५

भाग – २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम शुद्धोदन गाउँपालिका गाउँसभाले बनाएको तल लेखीए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शुद्धोदन गाउँपालिकाको मालसामान लिलाम विक्रि सम्वन्धी कार्यविधि, २०८१

शुद्धोदन गाउँपालिका र अन्तर्गतका कार्यालयमा रहेका पुराना तथा कार्यालयले चलन चल्तिमा ल्याउन नसकिने जिन्सी मालसामानहरु, मेसिनरी उपकरण, भारी उपकरण, पुराना सवारी साधन तथा गाउँपालिकाले विभिन्न कानूनमा भएको व्यवस्था बमोजिम गाउँपालिकाले जफत गरेका तथा कारबाहीका क्रममा नियन्त्रणमा आई तोकिएको म्याद भित्र सम्वन्धित धनीले फिर्ता नलगेका जुनसुकै सम्पति तथा जिन्सी सामानको लिलाम विक्रि गर्ने प्रकृयालाई पारदर्शि एवं सरलिकृत गरी एकरुपता कायम गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम शुद्धोदन गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम शुद्धोदन गाउँपालिकाको मालसामान लिलाम विक्रि सम्वन्धी कार्यविधि २०८१ रहेको छ।

(२) यो कार्यविधि शुद्धोदन गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएपछी लागु हुनेछ।

**२.परिभाषाः**

(१) कार्यविधि भन्नाले शुद्धोदन गाउँपालिकाको मालसामान विक्रि सम्वन्धी कार्यविधि २०८१ लाई सम्झनु पर्दछ।

(२) कार्यपालिका भन्नाले शुद्धोदन गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(३) मुल्याङ्कन समिति भन्नाले यस कार्यविधि बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ।

(४) लिलाम भन्नाले सम्पति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भइ पुनः प्रयोग  गर्न नसकिने, मर्मत गर्दा उक्त सामानको बजार मुल्यको पच्चीस प्रतिशत भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुसलतामा घट्ने भनी सम्पती तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पति तथा जिन्सी सामान विक्रि गर्ने कार्य  सम्झनु पर्छ।

(५) सम्पति भन्नाले कार्यालयको स्रेस्तामा आम्दानी बाँधिएका एक वर्ष भन्दा बढी अवधि खप्ने सम्पति सम्झनु पर्दछ।

**३. कार्यविधिको प्रयोग गर्नु पर्ने**(१) शुद्धोदन गाउँपालिकाबाट कानुन बमोजिम जफत भएका सामान समयमानै लिलाम बिक्रि गर्न।

(२) शुद्धोदन गाउँपालिकामा कानुन विपरित गतिविधि गरेको आरोपमा गाउँपालिकाको नियन्त्रणमा आएका पुराना सवारी साधन,लगायत जुनसुकै किसिमका सामानहरु र चौपाया समेत सम्वन्धित धनिले तोकिएको समयभित्र उपस्थित भै लागेको जरिवाना तिरी नलगेको अवस्थामा त्यस्ता मालसामान समेत लिलाम बिक्रि गर्न।

(३) शुद्धोदन गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था एवं नगरपालिका अन्तरगरतका सवै कार्यालयमा प्रयोग हुन नसक्ने अवस्थामा रहेका तथा पुराना भै सडिगलि प्रयोगमा आउन नसक्ने माल सामान तथा पुराना सवारी समेत लिलाम बिक्रि गर्न।

**४. लिलाम बिक्रि मुल्याङ्कन समितिः** यस कार्यविधि अनुसार लिलाम बिक्रि गर्ने प्रयोजनका लागि लिलाम बिक्रि हुने सामानको मुल्याङ्कन गर्न निम्न बमोजिमको समिति रहेने छ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी — संयोजक

(ख) अधिकृत स्तरको प्राविधिक कर्मचारी — सदस्य

(ग) आर्थिक प्रशासन शाखाको प्रमुख — सदस्य

(घ) आ.ले.प. शाखा प्रमुख — सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको भण्डार(जिन्सी) शाखाको कर्मचारी — सदस्य सचिव

समितिको वैठकमा आवस्यकता अनुसार अन्य विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

**५. समितिको काम, कर्तव्य र अधिकारः** (१) लिलाम बिक्रि गर्नु पर्ने सामानहरुको लिलाम बिक्रि गर्न प्रयोजनका लागि न्युनतम मुल्याङ्कन कायम गर्ने।

(२) समितिले मुल्याङ्कन गर्दा देहायका कुराहरुमा विचार गर्नु पर्दछ।

(क) बजारको प्रचलित मुल्य।

(ख) लिलाम बिक्रि हुने सामानको अवस्था, आयु, ह्रास कट्टी र अवशेष मुल्य।

(ग) सवारी साधन वा मेशिन औजार भए बनेको साल, मोडल र अवस्था।

(घ) समितिले मुल्याङ्कन गर्दा विशेषज्ञ समेतको परिक्षण गराउन सक्नेछ।

(ङ) लिलाम बिक्रि गर्नु पर्ने सामानको पहिचान एवं यकिन गर्ने।

**६. लिलाम बिक्रि सम्वन्धी व्यवस्थाः** (१) कार्यालयले लिलाम बिक्रि गर्नु पर्ने देखिएका सम्पति तथा जिन्सी मालसामानलाई सम्पति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्रि गर्नु पर्ने भनि उल्लेख भएको अवस्थामा मात्र अनुसूची -१ बमोजिमको ढाँचामा तयार गरी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्रिको प्रकृयामा समावेश गर्नु पर्नेछ।

(२) कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्रि गर्नु पर्ने भनी पहिचान भएको सम्पति तथा जिन्सी मालसामानको विवरण मुल्य कायम गरी अनुसूची- २ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने छ।

(३) कार्यालयले सम्पति तथा जिन्सी निरीक्षण प्रतिवेदन सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा प्रविष्ट गरेपछि मात्र लिलाम बिक्रि सम्वन्धी कार्य सुरु गर्नुपर्नेछ।

(४) मुल्याङ्कन समितले दफा ५ बमोजिम मुल्याङ्कन गर्दा लिलाम विक्रिगर्ने सामानको अनुसूची- ३ बमोजिमको प्रतिवेदन तयार गर्नुपर्नेछ।

(५) कार्यालयलले लिलाम बिक्रि गर्ने मालसामानको मुल्य तय भए पश्चात प्रमुख प्रशासकीय अधिकृतको आदेशमा लिलाम विक्रि गर्ने सामानको सूची तयार पारी गाउँ कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ। गाउँ कार्यपालिका बैठकबाट सूची बमोजिमका मालसामानहरुको लिलाम बिक्रि गर्ने सहमति प्रदान भएपछि लिलाम सम्वन्धी कारवाही सुरु हुनेछ।

(६) उदफा (४) बमोजिम लिलाम बिक्रि गर्न गाउँ कार्यपालिकाबाट सहमति प्रदान भएका सामानहरु लिलाम बढाबढबाट लिलाम बिक्रि गर्ने प्रयोजनका लागि तीनलाख सम्मको मालसामान भए ७ दिनको अनुसूची - ४ बमोजिम विवरण खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ।

(७) तीनलाख भन्दा बढि मुल्यको मालसामान लिलाम बढाबढबाट लिलाम बिक्रि गर्ने भए १५ दिन सम्मको म्याद दिई अनुसूची - ४ को ढाचामा सुचना प्रकाशित गर्नु पर्नेछ।

(८) लिलाम बढाबढको सूचना प्रकाशित गर्दा सूचना कार्यालयको वेभसाईट, सूचना पाटि र विषयगत कार्यालयमा समेत टाँस गर्नु पर्नेछ।

(९) लिलाम बिक्रि गर्ने सामानको लागि देहायका कुरा समेत खुलाई लिलाम बिक्रिको सार्वजनिक सूचना प्रकासन गर्नु पर्नेछ।

(क) लिलाम बिक्रि गर्ने सामानको विवरण

(ख) मालसामानको न्यूनतम मुल्य

(ग) लिलाम बढावढ हुने स्थान, समय र मिति

(घ) न्युनतम मुल्यबाट नै बढाबढ हुने कुरा

(ङ) लिलाम सकार गर्न डाक वोल्नु अघि बोलिएको अंकको पाँच प्रतिशत हुने रकम नगद धरौटी राख्नु पर्ने कुरा र डाक अंक वढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्नुपर्ने कुरा।

(च) लिलाम सकार गरेको सामान उठाई लैजानु पर्ने अवधि र अन्य आवश्यक कुरा।

(छ) लिलाम सकार गरेको जिन्सी मालसामान तोकिएको समय भित्र कवोल गरेको पुरा रकम बुझाइ नउठाएमा सो वापत राखिएको धरौटी जफत गरी पुन लिलाम बिक्रि गरिने कुरा।

(१०) डाँक बढाबढको माध्यमबाट लिलाम बिक्रि गर्न अनुसूची ५ बमोजिमको ढाँचामा लिलाम बढाबढ अभिलेख फाराम तयार गर्नु पर्नेछ।

(११) डाँक बढाबढको उपस्थिति सवैको रोहवरमा अधिकतम डाँक वोल्नेको नाम ठेगाना र अङ्क उल्लेख गरी अनुसूची ६ को ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ।

(१२) लिलाम बढाबढको काम समाप्त भए पछि कार्यालयले अनुसूची ७ को ढाँचामा लिलाम बिक्रि गर्न सम्झौता गर्नु पर्नेछ।

७. **उपदफा** (६) र (७) बमोजिम प्रकाशित सार्वजनिक सूचनामा कसैको दरखास्त नपरी वा परेर पनि लिलाम हुन नसकेमा कम्तिमा पाँच दिनको समय दिई पुन एक पटक लिलाम बढाबढ सूचना प्रकाशित गरी लिलाम विक्रि गर्नु पर्नेछ।

८. **पुन लिलाम वढावढः** विक्रिको लागि पुनः सूचना गर्दा पनि लिलाम हुन नसकेमा समितिबाट लिलाम गर्नु पर्ने सामानको पुनः मुल्याङ्कन गराई गाउँ कार्यपालिकाको निर्णयानुसार कार्यालयले लिलाम विक्रि गर्नु पर्ने सामान न्युनतम मुल्यमा सिधै बिक्रि गर्न सक्नेछ।

९. लिलाम बिक्रि गरिने मालसामान मेसिनरी औजार वा सावरी साधन भएमा त्यस्तो मेसिनरी औजार वा सवारी साधनको लिलाम बिक्रि पछि दर्ता नामसारी हस्तान्तरण वा दाखिला खारेज हुन सक्ने नसक्ने विषयमा एकिन गर्नुपर्ने अवस्था रहेमा सम्वन्धित निकायमा लेखि पठाउने र त्यस्तो निकायले त्यस्तो मेसिनरी औजार वा सवारी साधन दर्ता नामसारी हस्तान्तरण हुन नसक्ने भनि प्रमाणित गरिदिएमा गाउँ कार्यपालिकाको निर्णयानुसार मेसिनरी वा सवारी साधन पुन प्रयोग हुन नसक्ने अवस्थामा रहेको भए खोली टुक्रा गरी धातु वा पत्रु मुल्यमा लिलाम विक्रि गरिने छ।

१०. लिलाम बिक्रि भै आएको रकम गाउँपालिकाको कोषमा जम्मा गर्नु पर्नेछ।

**११. वोलपत्रबाट लिलाम विक्रि गर्न सकिनेः** (१) यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि कुनै मालसामाना वोलपत्रका माध्यमबाट लिलाम विक्रि गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम वोलपत्रको माध्यमबाट मालसामान बिक्रि गर्नका लागि २१ दिनको म्याद दिई बोलपत्र माग गर्न सकिने छ। वोलपत्र आव्हान गरिएकोमा माल सामान हेर्न चाहेमा हेर्न सकिने व्यवस्था मिलाउनु पर्नेछ। यसरी बोलपत्र आव्ह्वान गरिएकोमा वोल अंकको दश प्रतिशत हुने रकम बराबर बैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्र साथ राख्नु पर्नेछ। अन्य आवश्यक प्रकृया प्रमुख प्रशासकीय अधिकृतको आदेश बमोजिम सम्वन्धित शाखाले अवलम्बन गरी लिलाम प्रकृया सम्पन्न गर्न सक्नेछ।

**१२. विशेष प्रकृतिका मालसामानको व्यवस्थापन** : कार्यालयले प्रचलित कानून बमोजिम आफ्नो कब्जामा लिएको वा आफ्नो मौज्दातमा रहेको उपभोग मिति समाप्त भएमा वा अन्य कुनै कारणले उपभोग गर्न नहुने/नसकिने अवस्था भएमा दफा (४) बमोजिमको मुल्यांकन समितिले मुचुल्का गरि त्यस्तो जिन्सी मालसामान सार्वजनिक रुपमा सडाउने जलाउने वा अन्य तरिकाले नष्ट गर्ने वा हटाउने कार्य गर्नुपर्नेछ।

**१३. मिनाहा सम्बन्धि व्यवस्था** : (१) प्राकृतिक प्रकोप, दुर्घटना, वा चोरीको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, श्रेस्ता तथा कागजातको मुल्यांकन गरि मिनाहाको सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) स्थानीय प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| घ) प्र.प्र.अ.ले तोकेको सम्बन्धित विषयको कर्मचारी | सदस्य |
| ङ) प्र.प्र.अ.ले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |

(२) उपनियम (१) बमोजिमको समितिले प्राकृतिक प्रकोप, दुर्घटना, वा चोरीको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मुल्यांकन गरि मूल्य समेत खुलाई कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा दश लाख मूल्य बराबर सम्मको क्षतिको हकमा नगर कार्यपालिकाले र सो भन्दा बढी रकमको हकमा गाउँ सभाले मिनाहा दिन सक्नेछ।

(४) कार्यालयले प्रयोगमा ल्याएको सफ्टवेयर प्रयोग नहुने अवस्था भएमा सम्बन्धित क्षेत्रको प्राविधिकको प्रतिवेदनको आधारमा कार्यपालिकाले मिनाहा गर्न सक्नेछ।

**१४. लगत कट्टा गर्नु पर्ने** : कार्यालयले यस कार्यविधि वमोजिम लिलाम बिक्रि वा नष्ट वा मिनाहा गरी सकेपछि लिलाम बिक्रि वा नष्ट वा मिनाहा भएका सामानको लगत कट्टा गर्नु पर्नेछ।

अनुसूची -१

(दफा ६ को उपदफा १ सँग सम्वन्धित)

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी रुपन्देही

लिलाम बिक्रि गर्नुपर्ने सम्पति तथा जिन्सी मालसामानको विवरण

| क्र स | संकेत नं. | सम्पति तथा मालसामानको नाम | स्पेसिफिकेसन | सुरु प्राप्ति मिति | प्रयोग भएको अवधि (वर्ष) | लिलाम बिक्रि गर्ने पर्ने परिमाण | परलमुल्य प्रति इकाई | जम्मा रकम | लिलाम गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| तयार गर्ने | जाँच गर्ने | स्वीकृत गर्ने |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| मितिः | मितिः | मितिः |

अनुसूची -२
(दफा ६ को उपदफा २ सँग सम्वन्धित)
शुद्धोदन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी रुपन्देही
सम्पति तथा मालसामानको मुल्याङ्कन फाराम

| क स | जिन्सी खाता पाना नं. | सम्पति तथा मालसामानको नाम | स्पेसिफिकेसन | सुरु प्राप्ति मिति | प्रयोग भएको अवधि (वर्ष) | परिमाण | परलमुल्य/ प्रति इकाई | ह्रासकट्टी दर | ह्रासकट्टीपछिको मुल्य/ प्रतिईकाई | लिलाम गर्नु पर्ने परिमाण | ह्रासकट्टीको जम्मा मुल्य | अनुमानित न्युनतम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

तयार गर्ने
नामः
पदः
दस्तखतः
मितिः

अनुसूची -३

(दफा ६ को उपदफा ४  सँग सम्वन्धित)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी रुपन्देही।

विषयः मुल्याङ्कन समितिको प्रतिवेदन।

यस नगरपालिकाको मिति ................... को निर्णय अनुसार यस नगरपालिकामा रहेका प्रयोगमा आउन नस्कने सम्पति तथा जिन्सी मालसामान मध्ये शुद्धोदन गाउँपालिकाको मालसामान लिलाम विक्रि सम्वन्धी कार्यविधि कार्यविधिको २०८१ को अनुसूची १ बमोजिमका सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्रि गर्ने निर्णय भएकोले सो प्रयोजनका लागि उक्त सम्पति तथा जिन्सी मालसामानको मुल्याङ्कन गर्न देहाय बमोजिमका प्रतिनिधिहरु रहेको मुल्याङ्कन समिति गठन भएको।

१ संयोजक श्री

२ सदस्य श्री

३ सदस्य श्री

४ सदस्य श्री

५ सदस्य सचिव  श्री

समितिले विभिन्न मितिमा बैठक वसी सम्पति तथा जिन्सी मालसामानको मुल्याङ्कन फाराम, अनुसुची २ को सि.नं. १ देखि सि.नं. सम्मका सम्पति तथा जिन्सी मालसामानको मौजुदा भौतिक अवस्था उपयोगिता सेवा आयु वजार मुल्य अवशेष मुल्य घट्दो ह्रासकट्टी विधिलाइ समेत आधार लिई मुल्य निर्धारण गर्दा तथा जिन्सी मालसामानको कुल न्युनतमा मुल्य रु .............. अक्षरुपी .................. कायम हुन आएको व्यहोरा पेश गरेका छौं।

संयोजक सदस्य सदस्य सदस्य सदस्य

अनुसूची -४

(दफा ६ को उपदफा ६ र ७ सँग सम्वन्धित)

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी रुपन्देही

सम्पति तथा मालसामानको लिलाम बढावढको सूचना

सूचना नं.

प्रथम पटक प्रकाशित मिति ..................

यस गाउँपालिकामा रहेका तपसिल बमोजिमका सम्पति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईन्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले ..... दिन भित्र लिलाम बिक्रिको लागि कामय न्यूनतम मुल्यको पाँच प्रतिशतले हुने रु...... नगद धरौटी सहित निवेदन दिनु हुन यो लिलाम बढाबढ आव्हान गरिएको छ।

(१) लिलाम बिक्रि गर्ने सम्पति तथा मालसामानको विवरण

| क्र स | लिलाम हुने सम्पति तथा जिन्सी मालसामन | सुरु खरिद मिति | ब्राण्ड | स्पेसिफिकेशन | न्युनतम मुल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा कायम न्युनतम मुल्य | | | | |

(२) लिलाम बढाबढ हुने स्थान समय र मिति

क)स्थान ख) मिति ग) समय

(३) लिलाम बढाबढ यस कार्यलयले तोकेको न्युनतम लिलाम बिक्रि मुल्यबाटै सुरु हुनेछ।

(४) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम मुल्य रु. को ५ प्रतिसत ले हुने रु. नगद धरौटी राख्नुपर्नेछ।

(५) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मुल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी वुझाउनु पर्नेछ।

(६) लिलाम वढवढ हुने सम्पति तथा मालसामान हेरने चाहने व्यक्ति वा संस्थाले कार्यलय समय ११ वजे देखि २ वजे सम्म .... शाखामा सम्पर्क गरी हेर्न सकिनेछ।

(७) लिलाम सकार गरेको सम्पति तथा जिनसी मालसमानक सम्झौता भएको मितिले ... दिनभित्र उठाई लैजानु पर्नेछ।

(८) लिलाम सकार गरेको व्यक्ति, फर्म, संस्था वा कम्पनिहरुले सम्पति तथा जिन्सी मालसमान उठाउनको लागि सम्झौता गर्न नआएमा निजको धरौटि जफत गरिनेछ ।

(९) लिलाम बढाबढ हुने दिन सार्वजनिक विदा पर्न गएमा सो लगतै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढावढ हुनेछ।

(१०) अन्य कुरा

## अनुसूची -५

(दफा ६ को उपदफा १० सँग सम्वन्धित)

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी रुपन्देही

लिलाम बढावढ अभिलेख फाराम

यस गाउँपालिकाको मिति ........... को निर्णयअनुसार लिलाम बिक्रि गर्न निर्णय भएका सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्रि गर्ने सम्वन्धमा प्रकाशित मिति २०.......को सूचना बमोजिम आज मित २०.......... गते हुने लिलाम बढावढमा सि.नं. १ देखि सि.नं. .... सम्ममा उल्लेखित सम्पति तथा मालसमानको एकमुष्ट वोलकवोल गर्ने व्यक्ति संस्था फर्म वा कम्पनी र वोलकवोल अङ्क देहाय बमोजिम रहेको छ। यो लिलाम बढाबढमा कायम न्युनतम मुल्य रु. ... अक्षरुपी .... रहेको छ।

| सि.नं. | बोलकवोल गर्नेको नाम थर | ठेगाना | वोलकवोल अङ्क | पाँच प्रतिशतले हुने धरौटी रकम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

अनुसूची -६

(दफा ६ को उपदफा ११  सँग सम्वन्धित)

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी रुपन्देही

सूचना नं.

लिलाम बढाबढ मुचुल्का

यस गाउँपालिकामा रहेका सम्पति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढावढको माध्यमबाट विक्रिको लागि मिति ........ मा प्रकाशित सूचना अनुसार मिति..... का दिनको ...........बजे देखि ...... बजेसम्म ......स्थापना ..........का सामान को डाँक बढबढ गर्दा श्री .....  बाट कवोल भएको रु ... अक्षरुपी  भन्दा वढी रकम गर्न कोहि पनि नआएको हुदा निकको कवोल अंक रु .. अक्षरुपी लाई नै अन्तिम कवोल अंक मानी लिलाम बढावढको कार्य समाप्त गरी यो मुचुल्का तयार गरिएको छ।

रोहवर

लिलाम बढाबढमा भाग लिने समेतको    अन्तिम बोलकबोल गर्नेका दस्तखत

१.........................    ....................

२ ............................

३.............................

कार्यालयको प्रतिनिधिः-

अनुसूची -७

(दफा ६ को उपदफा १२ सँग सम्वन्धित)

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी रुपन्देही

सम्झौताको नमुना

वि.सं.२०......... गतेका दिन ......... कार्यालय (यसपछि कार्यालय भनिएको ) र .......................... ( यस पछि बोलपत्रदाता भनिएको ) वीच लिलाम बिक्री गर्न निर्णय भएका सम्पति तथा जिन्सी मालसामान (फर्निचर, अफिस सामान, सवारी साधन) जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजाने सम्वन्धमा भएको वोलपत्र मिति २०........ को निर्णयानुसार स्वीकृत भएकोले यो सम्झौता गरिएको छ।

१. सम्झौता अवधि ......................... दिनको हुनेछ।
२. लिलाम विक्रि सम्झौता रकम ..................... रहेको छ।
३. सम्झौता अवधिभित्र लिलाम कबोल गरेको सम्पुर्ण रकम नगद वा बैङ्कमा दाखिला गरी भौचर प्राप्त भए पश्चात सम्पति तथा मालसामान वुझाइनेछ।
४. वोलपत्रदाताले सम्पति तथा मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजाने सम्वन्धमा लाग्ने सम्पुर्ण खर्च बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।
५. लिलाम सकार गरेको सम्पति तथा मालसामानमा ढुवानी गर्दा लाग्ने सम्पुर्ण करहरु बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।कुनै पनि कर वापत तिरेको रकमको सोधभर्ना यस कार्यालयबाट दिईने छैन।
६. लिलाम सकार गरेको सम्पुर्ण सम्पति तथा जिन्सी मालसामान बोलपत्रदाताले उठाउन चाहेको समय (कार्यालय समय भित्र) मा कार्यालयले उपलब्ध गरानु पर्नेछ।
७. सम्झौता अवधिभित्र लिलाम कबोल गरेको रकम वुझाई सम्पति तथा मालसामामन उठाइ नलगेमा वा सम्झौताको शर्त उल्लघन गरेमा धरौटी वापत राखेको रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ।
८. बोलपत्र फाराममा उल्लेखित बोलपत्रका सर्तहरु यस सम्झौताको अभिन्न अङ्ग रहनेछ।
९. यसमा उल्लेख भएका वाहेक अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| ठेकेदारको तर्फवाट | कार्यालयको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

साक्षी रोहवर

१.

२.

प्रमाणीकरण मिति :- २०८१/१२/२५

आज्ञाले
विष्णु बहादुर घर्ति
प्रमुख प्रशासकीय अधिकृत